# यो पाठ्यपुस्तक कसरी प्रयोग गर्ने

## यस पाठ्यपुस्तकका विशेषताहरू

### इरोडोरीले जापानमा तपाईले दैनिक जीवनमा गर्न सक्ने कुराहरु अझ बढाउन मद्दत गर्छ ।

"इरोडोरीः जापनिज फर लाईफ इन जापान" जापानमा बसिरहेका वा भविष्यमा जापानमा बस्नेहरुका लागि जापानी पाठ्यपुस्तक हो । यसले जापानमा विभिन्न दैनिक क्रियाकलापहरु जस्तै काम गर्न, किनमेल गर्न, रमाइलो गर्न, खान, र अन्य व्यक्तिहरूसँग कुरा गर्नका लागि जापानी भाषा सिकाउँदछ ।

यो पाठ्यपुस्तकको उद्देश्य भनेको जापानी भाषा प्रयोग गरी वास्तविक जीवनमा गर्न सक्ने कुराहरु बढाउनु हो । यिनीहरुलाई क्यान डु भनिन्छ । पाठ्यपुस्तकको उद्देश्य भनेका क्यान डु मा आधारित सिकाईबाट जापानमा दैनिक सञ्चार कलाको निर्माण गर्नु हो ।

### इरोडोरीले तपाईलाई A1/A2 तहको जापानी भाषा सिक्न अनुमति दिन्छ ।

इरोडोरी तीन भागहरु मिलेर बनेको छः स्टार्टर (*1), इलिमेन्टरी 1, र इलिमेन्टरी 2 । स्टार्टर जापानी भाषा शिक्षाको (*2) स्तर अनुरुप छ, A1 तह र इलिमेन्टरी 1, र इलिमेन्टरी 2 तह A2 तहसँग समान छ । A1 तहमा तपाई अभिवादन गर्न र तपाईले सिकेका अभिव्यक्तिको प्रयोग गरी सरल तरीकाले गर्न सक्नुहुनेछ । A2 तहमामा तपाईले जानेका शीर्षकहरूमा छोटो, साधारण दैनिक कुराकानी गर्न सक्नुहुनेछ ।

*1 स्टार्टर, 2020 को अन्त्यमा प्रकाशन गर्न तय गरिएको छ ।
*2 जे.एफ. स्तरको जापानी भाषा शिक्षाले A1 देखि C2 सम्म जापानी भाषाको ६ चरणको प्रतिनिधित्व गर्दछ । जुन यूरोपीयन परिषद ।

**A1 तह**

- परिचित दैनिक अभिव्यक्तिहरू र ठोस आवश्यकताको सन्तुष्टिको लागि आधारभूत वाक्याशंहरू बुझ्न र प्रयोग गर्न सक्नुहुनेछ ।
- यसमा तपाईं आफैंलाई र अन्यलाई परिचय गराउन सक्नुहुनेछ, र व्यक्तिगत जानकारीको बारेमा प्रश्नहरू सोध्न र जवाफ दिन सक्नुहुनेछ। । जस्तै तपाई कहाँ बस्नुहुन्छ, चिनेजानेको मानिसहरुको बारेमा भन्न र आफु सँग भएको बस्तुको बारेमा प्रश्न सोध्न र त्यसको जवाफ दिन सक्नुहुनेछ ।
- कुनै व्यक्तिले बिस्तारै र स्पष्ट कुरा गर्छ र मद्दतको लागि तयार छ भने उ सँग साधारण तरिकामा कुराकानी गर्न सक्नुहुनेछ ।

**A2 तह**

- तुरुन्तै प्रतिक्रिया दिनुपर्ने क्षेत्रसँग सम्बन्धित वाक्य र त्यसमा बारम्बार प्रयोग भएका अभिव्यक्तिहरू बुझ्न सक्नुहुनेछ । (जस्तै, आधारभूत व्यक्तिगत र पारिवारिक जानकारी, किनमेल, स्थानीय भूगोल, रोजगारी आदि) बुझ्न सक्नु हुनेछ ।
- सामान्य र दैनिक कृयाकलाप सम्बन्धि सरल र प्रत्यक्ष परिचित सुचना र दिनचर्याका मामिलाहरूको जानकारी आदानप्रदान गर्न सक्नुहुनेछ ।
- उसको पृष्ठभूमि, तत्कालिन वातावरण र तत्काल आवश्यकताका क्षेत्रका मामिलाहरुमा सरल शब्दहरूमा वर्णन गर्न सक्नुहुनेछ ।




जापानी भाषा शिक्षा प्रयोगकर्ताको लागि जे.एफ. स्तरको गाइड पुस्तिका । (नयाँ संस्करण)

 ©The Japan Foundation

## इरोडोरी जे एफ क्यान डु फर लाईफ इन जापान मा आधारित छ ।

जापान फाउन्डेशनको जे एफ क्यान डु फर लाईफ इन जापान 2019 मा घोषणा भयो । जापानमा निर्दिष्ट दक्ष कामदारको रुपमा जापान आउने गैर जापानी भाषीहरुलाई दैनिक रुपमा आवश्यक पर्ने आधारभूत जापानी सञ्चार कलाको बारेमा क्यान डु ले वर्णन गरेको छ । इरोडोरीले क्यान डु को आधारमा उद्देश्यहरू स्थापित गरेको छ, त्यसैले यो पाठ्यपुस्तकको प्रयोग गरी तपाई जापानको दैनिक जीवनको लागि आधारभूत सञ्चार कला सिक्न सक्नुहुनेछ । इरोडोरी जापान आउन अघि अध्ययन गर्न वा आधारभूत जापानी भाषाको लागि जापान फाउन्डेशन परिक्षाको तयारीको लागि पनि प्रयोग गर्न सकिन्छ, जसले यी सञ्चार क्षमताहरूको मापन गर्दछ ।

## इरोडोरीले प्रशस्त अडियो र प्रामाणिक सामग्रीहरू द्घारा व्यावहारिक जापानी कला सिकाउँछ ।

इरोडोरीले सुन्ने माध्यमलाई जोड दिन्छ । तपाईलाई धैरै जापानी भाषा सुन्नु आवश्यक छ किनकी तपाई यसलाई वास्तविक जीवनमा प्रयोग गर्न सक्नुहुनेछ । त्यसकारण, ईरोडोरीले प्रशस्त अडियो फाइलहरू प्रदान गर्दछ । साथै, पढ्ने र लेख्ने कृयाकलापहरू जापानको दैनिक जीवनमा प्रयोग हुने प्रामाणिक वा अर्ध प्रामाणिक सामग्रीमा आधारित हुन्छन्, ताकि तपाई जापानी भाषालाई वास्तविक जीवनमा अभ्यास गर्न सक्नेहोस् । यी अडियो फाईलहरू र सामग्रीहरूको तपाई व्यावहारिक जापानी भाषा सिकेर तुरून्त प्रयोग गर्न सक्नुहुनेछ ।

## इरोडोरीले दैनिक जीवनसँग सम्बन्धित धैरै बिभिन्न विषयहरूलाई समेटेको छ ।

इरोडोरी विषय द्वारा आयोजित छ । प्रत्येक पाठले जापानमा दैनिक जीवनसंग जोडिएको बिभिन्न विषयसँग सम्बन्ध राख्छ । तपाईं केवल जापानी भाषाको अध्ययन मात्र गर्नुहुने छैन, तपाईले जापानको दैनिक जीवन र जापानी सन्दर्भसँग जोडिएका विभिन्न विषयहरूको माध्यमबाट जापानी जीवन र संस्कृतिको पनि अनुभव गर्नुहुनेछ । त्यहाँ जापानमा दैनिक जीवनका लागि उपयोगी जानकारीको एक भाग पनि छ ।

## इरोडोरीले व्याकरण र खान्जी जस्ता भाषाको ज्ञान लिनको लागि पर्याप्त मद्दत गर्दछ ।

यस पाठ्यपुस्तकको उद्देश्य वास्तविक जीवनमा कुराकानी गर्दा तपाईलाई जापानी प्रयोग गर्न सक्षम बनाउनु हो, व्याकरण, शब्द वा खान्जीको अध्ययन गर्नु होइन । यद्यपि तपाईंलाई क्यान डु का लागि यी चीजहरू आवश्यक पर्ने हुनाले इरोडोरीले सञ्चारको सन्दर्भमा ती चीजको बारेमा पर्यास ज्ञान प्रदान गर्दछ । इरोडोरीले प्राथमिक तहको जापानी शिक्षा सामग्रीहरू द्घारा चलाइने व्याकरण, शब्दहरू र खान्जीलाई समेटेको छ ।

## तपाई ईरोडोरी अनलाइन डाउनलोड गर्न सक्नुहुन्छ ।

ईरोडोरी अनलाइन उपलब्ध भएको हुनाले संसारमा जहाँ भए पनि तपाईं यसलाई डाउनलोड गर्न सक्नुहुन्छ । यो पिडिएफ फाईलको रूपमा प्रदान गरिएको हुनाले तपाई यसलाई प्रिन्ट गर्न सक्नुहुनेछ, वा ट्याब्लेट वा स्मार्टफोनमा हेर्न सक्नुहुन्छ । अडियो डाउनलोड वा स्ट्रिम गर्न सकिन्छ ।

## इरोडोरी खुकुलो रूपले मारुगोटोसँग जोडिएको छ ।

इरोडोरीको प्रत्येक पाठका विषय र व्याकरण जापान फाउन्डेसन द्वारा सिर्जित विदेशी विद्यार्थीहरुका लागि जापानी पाठ्यक्रम पुस्तक मारुगोटोः जापानी भाषा र संस्कृतिसंग जोडिएका छन् । तपाईं इरोडोरी र मारुगोटो सँगै प्रयोग गर्न सक्नुहुनेछ, इरोडोरी अध्ययनको क्रममा मारुगोटोको अशं पूरकको रूपमा प्रयोग गर्नुहोस् वा मारुगोटोसँग सम्बन्धित वेबसाइटहरू जस्तै मारुगोटो (मारुगोटो प्लस) प्रयोग गर्नुहोस् ।

## इरोडोरीको उद्देश्य सञ्चार र संस्कृतिको बुझाईबाट समझदारी ल्याउनु हो ।

इरोडोरीको समग्र उद्देश्य भनेको व्यक्ति बीच आपसी समझदारी ल्याउनु हो, जुन जापानी भाषा शिक्षाको जे.एफ. स्तरको आधारभुत दर्शन हो । इरोडोरीले जापानी सञ्चार कला र विभिन्न सांस्कृतिक कला विकास गर्न योगदान पुर्याउँदछ । यी सीपहरूका माध्यमबाट जापानी जीवन शुरू गर्ने वा पहिले नै जापानमा बसिरहेका व्यक्तिहरूले आफूलाई अभिव्यक्त गर्न, एक अर्कालाई राम्रोसँग चिन्न र अन्तक्रिया गर्न सक्दछन् जसले आपसी समझदारी बढाउँछ ।

 ©The Japan Foundation

## यो पाठ्य पुस्तक कसरी व्यवस्थित गरिएको छ ?

इरोडोरी तीन भागहरु मिलेर बनेको छ: स्टार्टर (A1)*, इलिमेन्टरी 1(A2), र इलिमेन्टरी 2 (A2) । यी प्रत्येक सिकाई सामग्रीहरुमा निम्न कुराहरु रहेका छन् ।

*स्टार्टर 2020 को अन्त्यमा प्रकाशन गर्ने तय गरिएको छ ।

### मुख्य पुस्तक (पीडीएफ)

- आवरण पृष्ठ (कभर)
- पाठकलाई सन्देश (जापानी, अंग्रेजीं)
- यो पाठ्यपुस्तक कसरी प्रयोग गर्ने (जापानी, अङ्ग्रेजी)
- विषयसूची (जापानी, अङ्ग्रेजी)
- पाठ 1 देखि 18
  - गतिविधिहरु
  - अक्षर (स्क्रिप्ट) सुन्नु
  - खान्जी शब्दहरू
  - व्याकरण नोटहरू
  - जापानी जीवनका लागि सुझावहरु
- क्यान डु जाँच
- प्रकाशन जानकारी

### अडियो फाइलहरु (MP3)

- पाठ 1 देखि 18

### अन्य स्रोतहरु

- जवाफहरु
- शब्दसुचीहरु
- शिक्षण मार्गदर्शन (शिक्षण पुस्तिका)
- अन्य

*अन्य स्रोतहरू जारी गरिन्छ ।

 ©The Japan Foundation

# यो पाठ्यपुस्तक कसरी प्रयोग गर्ने ?

## 1 प्रत्येक पाठ कसरी व्यवस्थित गरिएको छ ?

स्टार्टर, एलिमेन्टरी 1 र एलिमेन्टरी 2 प्रत्येकमा ९ विषय र 18 पाठ छन् । प्रत्येक पाठको लागि 150 देखि 180 मिनेट दिइएको हुन्छ । प्रत्येक पाठमा गतिविधिहरूको संख्या फरक हुने हुँदा कृपया त्यसलाई मिलाउन समयको समायोजन गर्नुहोस् ।

प्रत्येक पाठ तलका दिए जस्तै व्यवस्थित गरिएका छन्:

- **विषयको नाम र पाठको शिर्षक**
- **परिचयात्मक प्रश्नहरू**
  यी प्रश्नहरूले पाठको विषयवस्तुहरूको बारेमा स्पष्ट चित्रण गर्न तपाईलाई सहयोग गर्दछन । आफ्नो अनुभव बारे कक्षामा कुरा गर्नुहोस् ।
- **गतिविधिहरू**
  यी गतिविधिहरूले तपाईलाई क्यान डु को लागि मद्दत गर्दछन्, जुन यो पाठ्यपुस्तकका मुख्य अंश हुन् । प्रत्येक पाठमा 3 देखि 6 वटा गतिविधिहरू छन् । उनीहरूले तपाईलाई वास्तविक जीवनमा प्रयोग गर्ने जापानी भाषा सिक्न मद्दत गर्नेछन् ।
- **अक्षर (स्क्रिप्ट) सुन्नु**
- **खान्जी शब्दहरू**
  गतिविधिमा देखापर्ने खांन्जी शब्दहरू अध्ययन गर्नुहोस् ।
- **व्याकरण नोटहरू**
  तपाईले प्रत्येक पाठमा अध्ययन गर्ने व्याकरण र अभिव्यक्तिको व्याख्या ।
- **जापानी जीवनका लागि सुझावहरु**
  गतिविधिहरूमा देखा परेका जापानी संस्कृति र सन्दर्भको ब्याख्या




 ©The Japan Foundation

## 2 गतिविधि र चरणहरू

### (1) गतिविधि र उद्देश्यका प्रकारहरू

प्रत्येक पाठमा बोलाई, सुनाई, पढाई, र लेखाई गरी चार प्रकारका गतिविधिहरू छन् । प्रत्येक गतिविधि एक्लै आउन सक्ने भएतापनि तिनीहरू सबै एउटै पाठ भित्र जोडिएका छन् । प्रत्येक पाठमा सङ्ख्या, प्रकार, र गतिविधिहरूको अवस्था फरक भएतापनि सामान्यतया त्यहाँ धेरैजसो बोल्ने गतिविधिहरू हुन्छन् । चार प्रकारको गतिविधिको समग्र उद्देश्यहरुः

| | | |
|---|---|---|
| | **बोलाई** | यसको उद्देश्य भनेको परिचित अवस्थामा प्रश्नहरू सोध्न र उत्तर दिन सक्षम हुनुको साथै आफ्नो र आफूले चिनेका चीजहरूको बारेमा सरल स्पष्टीकरण दिनु हो । |
| | **सुनाई** | यसको उद्देश्य भनेको दैनिक कुराकानीको महत्त्वपूर्ण अंशहरू बुझ्नु र साधारण समाचार, सार्वजनिक घोषणा र यस्तै किसिमका प्रसारणहरूबाट आवश्यक जानकारी प्राप्त गर्नु हो । |
| | **पढाई** | यसको उद्देश्य दैनिक जीवनमा लिखित पाठहरू जस्तै घोषणाहरू, सार्वजनिक सुविधामा पोस्ट गरिएका सूचनाहरू, र रेस्टुरेन्टहरूमा मेनूहरूको आवश्यक जानकारी पाउनुको साथसाथै गैर जापानी नागरिकहरूका लागि सरल जापानी भाषामा लेखिएको पर्चाको सामाग्री पढ्नु र बुझ्नु हो । |
| | **लेखाई** | यसको उद्देश्य भनेको दैनिक जीवनका लागि आवश्यक फारामहरू भर्ने, साथीहरू र अन्य व्यक्तिहरूलाई सन्देशहरू पठाउने र तपाई आफै परिचित भएको कुराहरूको बारेमा सरल सामाजिक सञ्जाल पोष्टहरू सिर्जना गर्ने सीपहरू सिक्नु हो । |

### (2) यी सबै गतिविधिहरूका लागि साझा चरणहरू

प्रत्येक गतिविधिमा निम्न चरणहरू छन्:

**❶ गर्न सक्ने (क्यान डु) उद्देश्य**

यसको उद्देश्य बुझ्नका लागि त्यस गतिविधिको गर्न सक्ने (क्यान डु) हेर्नुहोस् ।

**❷ गतिविधि**

बोल्ने, सुन्ने, पढ्ने वा लेख्ने गतिविधि गर्नुहोस् ।

**❸ गर्न सक्ने (क्यान डु) जाँच**

पुस्तकको अन्त्यमा आत्म-मूल्याङ्कन गर्न क्यान डु जाँचको प्रयोग गर्नुहोस् । तपाईले कति राम्ररी क्यान डु प्राप्त गर्नुभयो भनी आफैंले जाँच गर्नुपर्छ । तपाईले टिप्पणी गरेको खण्डमा गतिविधि बारे आफ्ना प्रभावहरू, त्यसैगरी तपाईको आगामी प्रयास आदिको बारेमा लेख्न सक्नुहुनेछ । तपाईले हरेक पटक गतिविधि समाप्त गरेपछि वा उक्त पाठको अध्ययन समाप्त गरेपछि क्यान डु जाँच भर्न सक्नुहुन्छ ।




 ©The Japan Foundation

## (3) बोल्ने, सुन्ने, पढ्ने र लेख्ने गतिविधिहरूका लागि विशेष चरणहरू:

### बोल्ने गतिविधिहरू

**❶ गर्न सक्ने (क्यान डु) उद्देश्य**

**❷ शब्दहरूको लागि तयारी**

तपाईहरुले गतिविधिको लागि आवश्यक पर्ने शब्दहरू तलका चरणहरू अनुसरण गरी अध्ययन गर्नुहोस् । (केही गतिविधिमा यी छन् र केहीमा छैनन् ।)

1. **उदाहारणहरु हेर्दै अडियो सुन्नुहोस् र शब्दको अर्थको जाँच गर्नुहोस् ।**
2. **अडियो सुनी शब्दहरु दोहोर्याउने प्रयास गर्नुहोस् ।**

   यसको उद्देश्य शब्द याद गर्नु नभई उच्चारण जाँच गर्नुमात्र हो ।
3. **अडियो सुनी सामग्री सँग मेल खाने उदाहरण छनोट गर्नुहोस् ।**

   शब्द सुनेपछि तुरुन्त अर्थ बुझ्नुहुन्छ कि हुन्न जाँच गर्नुहोस् । यसको उद्देश्य अभिव्यक्तिसँग अर्थ जोड्न सक्षम हुनु हो ।




**❸ उदाहरण संवादहरू सुन्नुहोस् ।**

यस गतिविधिको उद्देश्य बोल्नु हो तर पहिले तपाईले उदाहरण संवाद सुन्नु पर्छ र उनीहरूको सामग्रीहरू अलिअलि बुझ्नु पर्छ । तपाईंलाई यस चरणको लागि व्याकरण र अभिव्यक्ति विस्तृत रूपमा बुझ्नु आवश्यक हुँदैन ।

गतिविधिमा निर्भर रही, तपाईले या त फरक अवस्थामा छोटा उदाहरण संवादहरू सुन्नु हुनेछ, वा एक अवस्थामा एक लामो उदाहरण संवाद सुन्नुहुनेछ । सामान्यतया, यदि त्यहाँ धेरै छोटा संवादहरू छन् भने त्यहाँ मुख्य पाठमा कुनै अक्षर (स्क्रिप्ट) हुनेछैन तर पछाडि सुन्ने अक्षर (स्क्रिप्ट) भने हुनेछ । यदि त्यहाँ लामो संवाद छ भने मुख्य पाठमा अक्षर (स्क्रिप्ट) हुनेछ ।

यी प्रत्येकको लागि चरणहरू निम्नानुसार छन् ।




**● संवादमा अक्षर (स्क्रिप्ट) समावेश छैन ।**

1. तपाईले सुन्नु भन्दा अघि यो कस्तो अवस्थामा छ र के कुरा भईरहेको छ भनी जाँच गर्नुहोस् ।
2. उत्तर दिँदा संवाद सुनी मुख्य कुरा बुझ्नुहोस् ।
3. कुनै पनि नयाँ शब्द र अभिव्यक्तिको अर्थ जाँच गरेपछि पुनः संवाद सुनी कुरालाई अलि बढी विस्तृत रूपमा बुझ्नुहोस् ।

**● संवादमा अक्षर (स्क्रिप्ट) समावेश छ ।**

1. तपाईले सुन्नु भन्दा पहिले यो कस्तो अवस्थामा छ र कोसँग कुरा गर्दैछ भनी जाँच गर्नुहोस् ।
2. अक्षर (स्क्रिप्ट) नहेरी पहिले संवाद सुन्नुहोस् र प्रश्नहरूको उत्तर दिने बेलामा अलिअलि बुझ्नुहोस् ।
3. सुनेपछि अक्षर (स्क्रिप्ट) सँगै अनुशरण गरी यसलाई अझ विस्तृत रूपमा बुझ्नुहोस् । यसो गर्नेबेलामा कुनै नयाँ शब्द र अभिव्यक्तिको अर्थ सँगसँगै जाँच गर्नुहोस् ।

 ©The Japan Foundation

## ❹ रुपमा केन्द्रित हुनुहोस् ।

क्यान डु बारे जानकारी प्राप्त गर्न व्याकरण र अभिव्यक्तिहरूको अध्ययन गर्नुहोस् ।




**1. व्याकरण र अभिव्यक्तिहरूमा केन्द्रित हुनुहोस् ।**

उदाहरण संवादहरूमा रेखांकित खाली ठाउँहरू छन् । तपाई ती व्याकरण र अभिव्यक्तिहरुमा केन्द्रित हुनुपर्ने हुन्छ । भाषिक रुपमा केन्द्रित भई अडियो सुनी खाली ठाउँ भर्नुहोस् ।

**2. व्याकरण र अभिव्यक्तिको अर्थ र प्रयोगको बारेमा सोच्नुहोस् ।**

तपाईलाई व्याकरण र अभिव्यक्तिको अर्थ र ती कसरी प्रयोग गर्ने भनेर सोच्नको लागि मद्दत गर्न ❗ प्रश्नको उत्तर दिनुहोस् । शिक्षकले पहिले नै व्याकरण बुझाउनुको सट्टा विद्यार्थीले यस बारे सोच्न र जापानी भाषाको नियम आफैं पत्ता लगाउनु पर्छ ।

➡ त्यसपछि, व्याकरण नोटहरु, उदाहरण वाक्यहरू र व्याख्या पढी जाँच गर्नुहोस् ।

**3. प्रयोग गरिएको अभिव्यक्तिमा ध्यान केन्द्रित गर्दै फेरि एक पटक उदाहरण संवाद सुन्नुहोस् ।**

शिक्षकले पहिले नै व्याकरण बुझाउनुको सट्टा विद्यार्थीले यस बारे सोच्न र जापानी भाषाको नियम आफैं पत्ता लगाउनु पर्छ ।

## ❺ बोलाई

यो भाग नै यस गतिविधि को लक्ष्य हो । यसलाई क्रमशः अभ्यास गर्नुहोस् ।




**1. नमुना संवाद सुन्नुहोस् ।**

अडियो सुनी स्पिच बबलमा संवादलाई पछ्याउनुहोस् । जुन तपाईंलाई क्यान डू प्राप्त गर्न सहयोग गर्ने नमुनाको संवाद हो । सम्वाद र अभिव्यक्तिको प्रवाह जाँच गर्नुहोस् ।

**2. संवादलाई दोहोर्याउनुहोस् ।**

यो तपाई धाराप्रवाह बोल्न सक्ने अभ्यास हो । पहिले पाठलाई हेरी स्पिच बबलमा संवादलाई धेरैपटक दोहोर्याउनुहोस् । अन्त्यमा, यसलाई नहेरी फेरि दोहोर्याउनुहोस् ।

**3. अभ्यास गर्नुहोस् ।**

अब अर्को चरणको लागि तयार हुनुहोस् । 4. स्वतन्त्र रूपमा बोल्नुहोस् । केही गतिविधिहरूमा यो छ, र केहीमा छैन । स्पीच बबल संवादमा शब्दहरू परिवर्तन गरी ❸ को उदाहरण संवादहरूको सामग्री प्रयोग गरी अभ्यास गर्नुहोस् ।

**4. स्वतन्त्र रूपमा बोल्नुहोस् ।**

तपाई आफ्नो बारेमा स्वतन्त्र रूपमा बोल्नुहोस् वा भूमिका निभाउनुहोस् । स्पीच बबल संवादमा केवल शब्दहरू मात्र परिवर्तन गर्नुको सट्टा स्वतन्त्र रुपमा चाहेको कुरा भन्नुहोस् । जब तपाई आफैलाई व्यक्त गर्ने शब्दहरूको आवश्यकता हुन्छ तब तपाई शब्दकोश वा स्मार्टफोनको प्रयोग गर्न सक्नुहुनेछ ।

## ❻ गर्न सक्ने (क्यान डु) जाँच

 ©The Japan Foundation

## दोहोर्याउनु भनेको के हो ?

"दोहोर्याउनु" एक अभ्यास विधि हो । संवादको अन्त्यसम्म पर्खनुको सट्टा चुपचाप अडियो सुनी तुरुन्तै वाक्यहरू बोल्नुहोस् । तपाईंले अडियोमा शब्दहरू दोहोर्याए जस्तै गरी अडियोका शब्दहरू तुरुन्तै पछ्याउनुपर्दछ ।

सही तरीका




गलत तरीका




 ©The Japan Foundation

# सुन्ने गतिविधिहरू

यी गतिविधिका लागि बोल्ने गतिविधिका जस्तै चरणहरू छन् । तर उद्देश्य भनेको सुन्ने क्षमता हो । आवश्यक भागहरू सुन्न र बुझ्न सक्नुहुन्छ भने तपाईंले उद्देश्य प्राप्त गर्नुभयो ।




## ❶ गर्न सक्ने (क्यान डु) उद्देश्य

## ❷ शब्दहरूको लागि तयारी

सुन्नु भन्दा पहिले तपाईंले जान्नु पर्ने शब्दहरूको अध्ययन गर्नुहोस् । केही गतिविधिमा यी छन् र केहीमा छैनन् । यी चरणहरू बोल्ने गतिविधिहरूको लागि जस्तै हुन् ।

## ❸ सुनुवाई

यो भाग नै यस गतिविधि को लक्ष्य हो ।




1. **स्थिति जाँच गर्नुहोस् ।**
   सुन्नु भन्दा पहिले उदाहरणहरू हेर्नुहोस् र सुन्ने कार्यको अवस्था, उद्देश्य र सामग्री जाँच गर्नुहोस् ।

2. **सामग्रीहरु क्रमश बुझ्नुहोस् ।**
   प्रश्नहरूको उत्तर दिँदा मुख्य सामग्री सुन्नुहोस् अनि बुझ्नुहोस् । गतिविधिसँग अभ्यास गर्ने विभिन्न तरिका हुनेछन् जस्तैः सामग्रीसँग मेल खाने उदाहरणहरू चयन गर्ने, मुख्य शब्दहरू छान्ने, मुख्य बुँदाहरूको नोट बनाउने, र सही वा गलत भनेर लेख्ने । तपाईंले सुनेका सबै कुरा बुझ्न आवश्यक पर्दैन । यदि तपाईं प्रश्नहरूको उत्तर दिन सक्नुहुन्छ भने तपाईंले क्यान डु प्राप्त गर्नुभयो ।

3. **शब्दहरु जाँच गरी पुनः सुन्नुहोस् ।**
   तपाईंलाई अझ विस्तृत रुपमा सामग्री सुन्न मद्दत गर्ने यो अतिरिक्त गतिविधि हो । तपाईंले पाठ्यपुस्तकमा नयाँ शब्द र अभिव्यक्तिको अर्थ जाँच गरेपछि पुनः सुन्नुहोस् । प्राथमिक तहमा केही अलि कठिन शब्दहरू छन् त्यसैले तपाईंले सबै कुरा याद राख्नु पर्दैन ।
   ➡ यदि तपाई आफूले नबुझेका भागहरु जाँच गर्न चाहनुहुन्छ भने तपाईंले पछाडि सुन्ने अक्षर (स्क्रिप्ट) हेर्न सक्नुहुनेछ ।




## ❹ रुपमा केन्द्रित हुनुहोस् ।

नयाँ व्याकरण र तपाईंले सुन्नु भएको अभिव्यक्तिहरूमा केन्द्रित हुनुहोस् । यी चरणहरू बोल्ने गतिविधिहरूको लागि जस्तै हुन् । यदि त्यहाँ नयाँ व्याकरण वा अभिव्यक्तिहरू छन् भने पाठको यो अंश मात्र हुनेछ ।

## ❺ गर्न सक्ने (क्यान डु) जाँच

 ©The Japan Foundation

## पढ्ने गतिविधिहरु

❶ **गर्न सक्ने (क्यान डु) उद्देश्य**

❷ **पढाई**

यो भाग नै यस गतिविधि को लक्ष्य हो ।

1. **स्थिति जाँच गर्नुहोस् ।**
   पढ्नुभन्दा पहिले पढ्ने कार्यको अवस्था, उद्देश्य, सामग्री जाँच गर्नुहोस् ।

2. **प्रत्येक चरणका सामग्री बुझ्नुहोस् ।**
   प्रश्नहरूको उत्तर दिँदा मुख्य सामग्री पढ्नुहोस् अनि बुझ्नुहोस् । पहिले तपाईले आधारभूत रूपरेखा जस्तैः विषय के हो र महत्वपूर्ण जानकारी कहाँ छ भन्ने बुझ्नुपर्दछ, र त्यसपछि तपाई अरु विस्तृत रुपमा जानकारी प्राप्त गर्न सक्नुहुनेछ । तपाईले सबै कुरा बुझ्न आवश्यक पर्दैन । यदि तपाईं प्रश्नहरूको उत्तर दिन सक्नुहुन्छ भने तपाईले क्यान डु प्राप्त गर्नुभयो । सामान्यतया ती पाठहरुमा फुरिगाना हुँदैन, वास्तवमा तपाईले ति कुराहरु जापानी दैनिक जीवनमा देख्नुहुनेछ । यी पढ्ने सामग्रीहरूमा वास्तविक फुरिगाना छैन । तपाईले आफ्नो दैनिक जीवनमा जापानमा धेरै थाहा नभएका शब्दहरू र खांन्जी देख्नुहुनेछ । यसको तयारीको लागि सर्वप्रथम तपाईले बुझ्ने शब्दहरू, फोटोग्राफहरू र उदाहरणहरूको संकेत खोजी अनुमानको आधारमा शब्दहरूको अर्थ जाँच नगरी वा शब्दकोश प्रयोग नगरी पढ्नुपर्दछ ।




**大切(たいせつ)なことば उपयोगी शब्दहरू जाँच गर्नुहोस् ।**
उपयोगी शब्दहरू ती हुन् जुन प्राथमिक तहका सिक्नुपर्छ वा जापानमा बस्दा उपयोगी हुनेछन् । पहिले माथि नहेरी पाठ पढ्नुहोस् । त्यसपछि ती उपयोगी शब्दको अर्थ जाँच गरी तपाईलाई थाहा नभएका शब्द र शब्दकोशमा खांन्जी कसरी पढ्ने भनेर खोजी गर्नुहोस् । यस पछि, पाठ फेरि पढ्ने प्रयास गर्नु राम्रो विचार हो ।

3. **तपाईले पढ्नु भएको सामग्रीका बारेमा तपाईंको बुझाईलाई बढाउनुहोस् ।**
   तपाई यी प्रश्नहरूको उत्तर दिएर, आफ्नै अनुभवलाई हेरेर र आफूले पढेको कुरालाई तपाईंको देशमा के हुन्छ भनी तुलना गरेर तपाईंको बुझाईलाई बढाउन सक्नुहुनेछ । कक्षामा छलफलका लागि स्थानीय भाषा प्रयोग गर्नु ठीक छ । केही गतिविधिहरूमा यो चरण छ र केहीमा छैन ।

❸ **रुपमा केन्द्रित हुनुहोस् ।**

प्राथमिक तहको लागि तपाईलाई थाहा हुनुपर्ने व्याकरण र अभिव्यक्तिहरू तपाईंले पढ्नुभएको पाठबाट लिईएको छ । बोल्ने र सुन्ने गतिविधिहरूको लागि जस्तै सबै चरणहरु एकै किसिमका छन्, पढ्ने गतिविधिहरूका लागि कुनै अडियो फाइल छैन । पाठ हेर्नुहोस् र रेखांकित खाली ठाउँहरूमा शब्दहरू भर्नुहोस् । केही गतिविधिहरूमा यो भाग छ, र केहीमा छैन ।




❹ **गर्न सक्ने (क्यान डु) जाँच**

 ©The Japan Foundation

## लेख्ने गतिविधिहरू

**❶ गर्न सक्ने (क्यान डु) उद्देश्य**

**❷ लेखाई वा लेख्नु**

**1. सेटिंग जाँच गर्नुहोस् ।**

तपाईं लेख्नु अघि स्थिति, उद्देश्य र लेख्ने कार्यको सामग्री जाँच गर्नुहोस् ।

**2. उदाहरणहरू पढ्नुहोस् ।**

तपाईंले के लेख्ने भनेर स्पष्ट दृष्टिकोण पाउनलाई त्यहाँ उदाहरणहरू दिईएका छन् भने तपाईंले ती उदाहरणहरू पढ्नु पर्छ । कुनै अवस्थामा, पढ्ने क्रियाकलाप ठिक अघिको नमुना (उदाहरण) संगै आउछ ।

**3. लेख्नुहोस् वा लेख्नु**

वास्तविक जीवनमा फारमहरू भर्दा तपाईंले हातले लेख्नुहुनेछ वा सन्देश पठाउँदा स्मार्टफोन वा किबोर्ड प्रयोग गर्नुहुनेछ । सक्नुहुन्छ भने सन्देश र सामजिक सञ्जालका लागि स्मार्टफोन वा किबोर्डमा टाइप गर्न, पठाउन, पोष्ट गर्न प्रयास गर्नुहोस् ।

**4. तपाईंले जे लेख्नु भएको छ, त्यसबारेमा प्रतिक्रिया लिनुहोस् ।**

तपाई सहपाठीसँग मिलेर एकअर्काको लेख पढ्नुहोस्, टिप्पणी दिनुहोस् र जवाफहरू सिर्जना गर्नुहोस् । पाठकबाट प्रतिक्रिया प्राप्त गरी तपाई उनीहरूको दृष्टिकोणबाट लेख्न सिक्नुहुनेछ । कुनै गतिविधिहरूमा यो चरण छ, र कुनैमा छैन ।

**❸ गर्न सक्ने (क्यान डु) जाँच**




 ©The Japan Foundation

## 3 अन्य खण्ड र तिनका चरणहरू

### खान्जी शब्दहरू

यो खण्ड तपाईको लागि शब्दहरूको साथ प्राथमिक स्तरको खान्जी अभ्यास गर्न को लागी हो । यसको उद्देश्य भनेको खान्जीको अर्थ देख्न र बुझ्नको लागि सक्षम हुनु हो जुन तपाईलाई दैनिक जीवनमा चाहिन्छ साथै यसलाई स्मार्टफोन वा व्यक्तिगत कम्प्युटरमा टाइप गर्न सक्षम हुनु आवश्यक छ ।

प्रत्येक पाठमा यो खण्डले गतिविधिबाट करीव 10 खांन्जी शब्दहरु लाई समेट्छ । (तपाईले करिब 429 खांन्जी स्टार्टर, एलिमेन्टरी 1 र एलिमेन्टरी 2 मा सिक्नुहुनेछ । चरणहरु तल दिईएका छन् ।

**❶ खान्जी शब्द र तिनीहरूको अर्थ कसरी पढ्ने भनेर जाँच गर्नुहोस् ।**
शव्दको अर्थ जाँच गर्दा खांन्जी कसरी पढ्ने भनेर ध्यान दिनुहोस् । खांन्जी तीन फरक फन्टहरूमा लेखिएको छ, ताकि तपाई विभिन्न शैलीहरूमा अभ्यस्त बन्नुहोस् ।

**❷ एक वाक्यमा खान्जी शब्दहरू पढ्नुहोस् ।**
तपाई तिनीहरूलाई पढ्न र बुझ्न सक्नुहुन्छ भने जाँच गरी खान्जी शब्दहरू समावेश भएको वाक्य पढ्नुहोस् ।

**❸ खान्जी शब्दहरू टाइप गर्नुहोस् ।**
तपाईको स्मार्टफोन, ट्याब्लेट, वा किबोर्डमा खांन्जी शब्दहरू टाईप गरी सही ढङ्गले टाइप भयो कि भएन भनी जाँच गर्नुहोस् । तपाईले हातले खांन्जी लेख्न सक्षम हुनुपर्दैन तर यदि तपाई खांन्जीमा रुचि राख्नुहुन्छ र तपाईंले हस्तलेखनको अभ्यास गर्न चाहनुहुन्छ भने यसो गर्न सक्नुहुनेछ ।




### व्याकरण नोटहरु

यी प्रत्येक पाठका व्याकरणका बुँदाहरुका ब्याख्या हुन् । तिनीहरू प्रत्येक गतिविधिमा फोकस अन द फर्म भागबाट व्याकरण र अभिव्यक्तिलाई समेटेका छन् । "फोकस अन द फर्म्" भागमा ❗ प्रश्नहरूका उत्तरहरू जाँच गर्न यो खण्ड पढ्नुहोस् ।

यी ब्याख्याले रुप, अर्थ र गतिविधिमा व्याकरण र अभिव्यक्तिको प्रयोगलाई समेट्छन् । त्यहाँ व्याकरण प्रयोगको साथै अतिरिक्त जानकारी र थप उदाहरण वाक्यहरू छन् जुन पाठ्यपुस्तकका गतिविधिहरूमा समावेश छैनन् । थप रूपमा, त्यहाँ संयोजक तालिका र समान अभिव्यक्तिका तुलनाहरू छन् ताकि तपाई व्याकरणको ज्ञानलाई व्यवस्थित गर्न सक्नुहुनेछ ।

कक्षामा "फोकस अन द फर्म्" भागको लागि, विद्यार्थीले पहिले व्याकरण र अभिव्यक्ति आफैले कसरी प्रयोग गर्ने भनेर सोच्नु पर्छ । त्यसपछि, उनीहरू व्याख्या पढ्न वा शिक्षकले उनीहरूलाई बुझाउन त्यसपछि सक्नेछन् । अर्को विकल्प भनेको यस खण्ड केवल कक्षामा मात्र सिमित गर्नु हो । त्यसपछि विद्यार्थीहरूले गृहकार्यको लागि ब्याख्या पढ्न सक्नेछन् ।




 ©The Japan Foundation

यो पाठ्यपुस्तकले व्याकरणमा केन्द्रित अभ्यास प्रदान गर्दैन । आवश्यक भएमा कृपया "मारुगोटोज रिकारुडू" (सञ्चार भाषा प्रतिस्पर्धाको लागि पाठ्यपुस्तक) जस्तो अर्को पाठ्यपुस्तक प्रयोग गर्नुहोस् । यद्यपि शिक्षकहरुले क्यान–डु सँग सम्बन्धित व्याकरण अभ्यासहरु तयार पार्नुपर्छ ।

यो खण्डमा गरिएका ब्याख्याहरु अङ्ग्रेजी भाषामा (वा स्थानिय भाषामा) पढ्नुपर्छ । जापानिज केवल शिक्षकको लागि मात्र सन्दर्भ हो, त्यसैले कुनै पनि विद्यार्थीलाई यो जापानिज पढ्न र बुझ्न आवश्यक छैन ।

*अङ्ग्रेजी बाहेक अन्य भाषाहरुका संस्करण क्रमिक रुपमा प्रकाशित गरिने छन् ।

यो खण्डमा विभिन्न पदवर्गका लागि निम्न लिखित सङ्केतहरु प्रयोग गरिएका छन् ।

N …… नाम

ナA …… ナ-विशेषण

A …… イ- विशेषण

V …… क्रिया

S …… वाक्य

V-る भनेको एक क्रियापदको शब्दकोष रुप । यसले る मा अन्त्य नहुने क्रियापदहरु पनि समावेश गर्दछ । जस्तै 読(よ)む वा 行(い)く

## जापानी जीवनका लागि सुझावहरु

यो स्तम्भले जापानी जीवनको बारेमा उपयोगी ज्ञान समेटेको छ । तपाईले थुप्रै तस्विर र उदाहरण मार्फत जापानी जीवन र जापानी संस्कृतिको बारेमा सिक्न सक्नुहुनेछ ।

प्रत्येक पाठका शिर्षकहरु मुख्य पाठबाट लिईएका हुन्, जुन कुराहरु विशेषगरी कहिल्यै जापान नगएका विद्यार्थीको लागि थाहा नहुन सक्छ । त्यहाँ सन्दर्भ सामग्री पनि समावेश छ, जुन तपाईलाई जापान बसोबास गर्दा जान्न उपयोगी हुनेछ । यो गतिविधि पछि तपाईले यो खण्ड आफै पढ्न वा यसलाई कक्षामा हेर्नसक्नु हुनेछ । तपाईले गतिविधिमा देख्नुभएका केही कुराको व्याख्या चाहनु हुन्छ भने तपाईले यो खण्ड जाँच गर्नुपर्छ ।

व्याकरण नोटहरु जस्तै यो खण्डपनि अङ्ग्रेजी भाषामा ( वा स्थानिय भाषामा*) पढ्नुपर्छ । जापानिज केवल शिक्षकको लागि मात्र सन्दर्भ सामग्री हो, त्यसैले कुनै पनि विद्यार्थीले यो जापानिज पढ्न र बुझ्न आवश्यक छैन ।

*अङ्ग्रेजी बाहेक अन्य भाषाहरुका संस्करण क्रमिक रुपमा प्रकाशित गरिने छन् ।


►トピック おいしい料理

第11課 肉と野菜は私が買って行きます

日本の生活 TIPS

● バーベキュー Barbecue

Barbecues are a way of grilling and eating food outdoors. Many countries enjoy barbecuing, especially Japan. Japanese barbecues are special in the following ways:

- You can grill meat with squash, onions, corn, and other vegetables, as well as shrimp, squid, shellfish, and other seafoods.
- In some countries, you start eating after all the food is cooked. However, in Japanese barbecue, cooking and eating go on at the same time.
- *Yakisoba* (fried noodles) or *yaki-onigiri* (grilled rice balls) are typically eaten last.
- It is common to rent barbecue equipment at parks and campsites.
- You can rent and buy everything you need (equipment, food, drinks, etc.) at some barbecue places.
- Barbeque places on rooftops or terraces in cities have also become popular recently.

屋外で、グリルで食べ物を焼いて食べるバーベキューは、日本だけではなくいろいろな国で行われる料理のイベントですが、日本のバーベキューには、次のような特徴があります。

- 肉が中心だが、肉だけでなく、かぼちゃ、たまねぎ、とうもろこしなどの野菜や、エビ、イカ、貝などのシーフードも焼く。
- すべてを焼いてから食べるのではなく、焼いては食べ、焼いては食べ、を繰り返す。
- 最後に焼きそばや焼きおにぎりを食べることも一般的。
- バーベキューの道具は、自分の道具ではなく、公園やキャンプ場などですべてレンタルすることも多い。
- 道具や材料をすべて用意してくれて、手ぶらで行ってお金を払うだけでバーベキューが楽しめるバーベキュー場もある。
- ビルの屋上やテラスなどを使った「都会で楽しむバーベキュー場」の有料施設も、最近人気が出ている。

● スーパーの惣菜(そうざい)コーナー Cooked dishes in supermarkets

In the cooked-dish section of a supermarket, side dishes are sold. You can buy them, bring them home, and eat a meal without cooking. Common side dishes are fried foods (such as croquettes), *yakitori* (grilled chicken), *nimono* (boiled dishes), and salads. Supermarkets sell common side dishes that families often make at home and hard-to-prepare side dishes that are not easily made at home.

People who are too busy to cook like cooked-dish sections in supermarkets. Some people also use this section to buy some healthy food. These dishes are sold at a discount before the store closes.

スーパーの総菜コーナーでは、調理されたおかずが売られていて、買って帰れば自分で調理しないでそのまま食べることができます。よく売られているおかずは、揚げ物（からあげ、コロッケなど）、焼き鳥、煮物、サラダなどがあり、一般家庭でよく作るおかずだけでなく、家ではなかなか作れない本格的な味の惣菜を売りにしているスーパーもあります。

総菜コーナーは、忙しくて自分で料理をする時間がない人にとってはありがたい存在です。また、栄養バランスを取るために料理を少しだけ買い足したりするなど、上手に利用している人もいます。閉店時間が近づくと、総菜が売れ残らないように、割引セールが行われます。

初級1 L11 - 20 ©The Japan Foundation

 ©The Japan Foundation